# २०८२ सालको कक्षा १२ को वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि केन्द्राध्यक्षज्यूहरूमा अनुरोध

राष्ट्रिय परीक्षा बोर्डद्वारा मिति २०८२/०१/११ गतेदेखि ऐ. २४ गतेसम्म सञ्चालन गरिने कक्षा १२ को वार्षिक परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीय तवरले सम्पन्न गर्न यहाँको पूर्ण सहयोग हुने अपेक्षा बोर्डले राखेको छ । परीक्षामा सहभागी हुने परीक्षार्थीलाई शान्तिपूर्ण र भयरहित तरिकाले परीक्षामा सम्मिलित हुने वातावरण कायम गर्न हामी सबैले आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्नेछौं भन्नेमा बोर्ड पूर्णरुपमा विश्वस्त छ । परीक्षा सञ्चालन/व्यवस्थापनका लागि भएका कानुनी व्यवस्थाका अतिरिक्त तपसिलका बुँदाहरूलाई समेत अक्षरश: पालना गरी स्वच्छ, मर्यादित र व्यवस्थित रूपमा परीक्षा सञ्चालन गर्नु/गराउनुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. परीक्षामा सहभागी हुने परीक्षार्थीहरूलाई परीक्षा सुरु हुनुभन्दा आधा घण्टा अगावै परीक्षाहलमा अनिवार्य रुपमा प्रवेश गराउने व्यवस्था मिलाउनुहुन र परीक्षा सुरु भएको १५ मिनेटपछि कुनै पनि परीक्षार्थीलाई परीक्षा केन्द्रमा प्रवेश गर्न नदिने व्यवस्था गर्नु/गराउनुहुन ।

२. परीक्षा सञ्चालन अवधिभर केन्द्राध्यक्षबाहेक अन्य कुनै पनि व्यक्तिलाई मोबाइल फोन परीक्षाहल भित्र लैजान पूर्णत: रोक लगाउने व्यवस्था गर्ने, अटेर गरी कसैले मोबाईल, स्मार्ट घडी लगायतका इलेक्ट्रोनिक्स डिभाइसहरू परीक्षा हलमा लगेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराउनुहुन ।

३. परीक्षा सम्बन्धी समाचार संकलन गर्न आउने सञ्चारकर्मीहरुलाई परीक्षा केन्द्र बाहिरबाटै समाचार संकलन गर्न अनुरोध गर्नुहुन र परीक्षा हलभित्र क्यामेरा सहित प्रवेश गरी फोटो/भिडियो खिच्न पूर्ण रुपमा निषेध गरिएको व्यहोरा जानकारी गराउनुहुन ।

४. परीक्षाको अनुगमनका क्रममा आउने अनुगमनकर्तालाई निजहरूको आधिकारिक परिचय पत्र वा आधिकारिक निकायको पत्र हेरी एकीन गरे पश्चात् मात्र एउटा कोठामा बढीमा २ मिनेटभित्र अनुगमन गरिसक्ने व्यवस्था मिलाउनुहुन ।

५. एकै पटक एक भन्दा बढी अनुगमन टोली आएको अवस्थामा एउटा टोली परीक्षा केन्द्रभित्र प्रवेश गरी बाहिर ननिस्केसम्म अर्को टोलीलाई अनुगमनको लागि अनुमति नदिने व्यवस्था गर्नुहुन ।

६. एकै दिन दुई भन्दा बढी अनुगमन टोली आएको खण्डमा परीक्षार्थीहरूको मनोविज्ञानमा असर पर्ने विषयलाई विनम्रतापूर्वक अनुरोध गरी सो दिन पहिले अनुगमन गरेका अनुगमनकर्ताहरूको अनुगमन विवरणबारे जानकारी दिई परीक्षा हल बाहिरैबाट परीक्षा सञ्चालन व्यवस्थापनको वस्तुस्थिति अवलोकन गर्ने व्यवस्था मिलाउने ।

७. अन्य विषयको पाठ्यक्रम परिमार्जन नभएकाले एउटै प्रश्नपत्र प्राप्त हुने तर गणित विषयको नयाँ पाठ्यक्रम २०८० सालमा परिमार्जन भएको सन्दर्भमा गणित (००८१/४०२१) विषयको नियमित तथा आंशिक (रजिष्ट्रेशन नं.का शुरुका दुई अङ्क ८१ र ८० हुने) परीक्षार्थीलाई ००८१/४०२१ New Course को प्रश्नपत्र उपलब्ध गराउने र पुराना आंशिक (रजिष्ट्रेशन नं.का शुरुका दुई अङ्क ७८ र ७९ हुने) परीक्षार्थीलाई ००८१/४०२१ New Curriculum Old Course को प्रश्नपत्र उपलब्ध गराउनुपर्ने हुँदा सहायक केन्द्राध्यक्ष एवम् निरीक्षकलाई परीक्षा सुरु हुनु अगावै अभिमुखीकरण गर्नुहुन ।

८. कक्षा ११ र १२ सञ्चालन हुने विद्यालयमा कायम भएका परीक्षा केन्द्रको प्रश्नपत्र बोर्डको System (exam.neb.gov.np) मा Login गरेपश्चात् (आफ्नो विद्यालयको School Code र Password राख्नुपर्ने) Question Download/Print गर्न मिल्ने व्यवस्था मिलाईएको छ । Question Download मा क्लिक गरेपश्चात् Get OTP मा क्लिक गर्दा केन्द्राध्यक्षको मोबाईलमा OTP प्राप्त हुने र सो OTP इन्ट्री गरेपश्चात् मात्र प्रश्नपत्र डाउनलोड गर्न सकिने गरी व्यवस्था मिलाइएकोले सोही अनुसार गर्नुहुन ।

९. कक्षा ११/१२ सञ्चालन नभएका विद्यालयमा कायम गरिएका परीक्षा केन्द्रहरूको लागि बोर्डबाट नयाँ User Id जारी भई Password उपलब्ध हुने भएकोले प्रश्नपत्र डाउनलोड गर्नका लागि बोर्डको सम्बन्धित कार्यालयबाट User Id र Password प्राप्त गरी बुँदा नं. ८ अनुसार नै गर्नुहुन ।

१०. प्रश्नपत्र डाउनलोड तथा OTP प्राप्त गर्ने समयमा अनिवार्य रुपमा सुरक्षाकर्मीको उपस्थितिमा मुचुल्का खडा गरी मात्र कार्य अगाडि बढाउनुहुन तथा उक्त मुचुल्का परीक्षा सम्पन्न भएको ३ महिनासम्म सुरक्षित रूपमा राख्नुहुन अनुरोध छ । प्रश्नपत्र डाउनलोड पश्चात् अन्य आइडीहरूमा Share नहुने गरी प्रश्नपत्रको सुरक्षा एवं गोपनीयता कायम गर्नु/गराउनुहुन ।

११. फरक क्षमता भएका परीक्षार्थीहरू (न्यून दृष्टि, दृष्टिविहीन, सुस्त श्रवण क्षमता भएका आदि...) र अपाङ्गता भएका परीक्षार्थीहरूलाई परीक्षा दिनका लागि सहज र परीक्षामैत्री वातावरणको व्यवस्था मिलाउनुहुन ।

१२. प्रश्नपत्र प्राप्तीका लागि OTP अनिवार्य भएको हुँदा केन्द्राध्यक्षको आधिकारिक मोबाईल नम्बर अनिवार्य रूपमा बोर्डको सम्बन्धित कार्यालयहरूमा २०८२ वैशाख ५ गतेभित्र अद्यावधिक गर्नहुन ।

## परीक्षामा मोबाईल तथा प्रतिबन्धित सामाग्रीको प्रयोगलाई निषेध गर्न तपसिल अनुसारको थप व्यहोरा अवगत गर्नु/गराउनुहुन

- परीक्षामा सहभागी हुने परीक्षार्थीलाई परीक्षा सञ्चालन हुनु अगावै निजहरूको मोबाइल परीक्षा केन्द्र बाहिरै राख्ने व्यवस्था मिलाउन सुचित गर्ने ।
- निर्देशनको वरखिलाप गरी शिक्षक/कर्मचारी/निरीक्षक/परीक्षार्थीहरूबाट मोबाइल लगायत प्रतिबन्धित सामाग्री लगेको अवस्थामा सर्च/अनुगमन गर्दा नियन्त्रणमा लिएमा उक्त सामाग्रीहरूका सम्बन्धमा शिक्षा ऐन २०२८ को दफा १७ (१ क) 'च' अनुरुप परीक्षाको मर्यादा भङ्ग गरेको ठानिने हुँदा सो बमोजिम कानुनी कारवाही भोग्नु पर्ने व्यहोरा जानकारी गर्नु/गराउनुहुन ।
- परीक्षाको मर्यादा विपरित निर्देशनको उल्लङ्घन गर्दै परीक्षा कोठाभित्र लैजान निषेध गरिएको प्रतिबन्धित सामग्री मोबाइल तथा स्मार्टघडी लगायत इलेक्ट्रोनिक्स डिभाइस लगेको पाईएमा त्यस्ता सामग्री जफत गरी ऐनको दफा १७ (२) बमोजिम आवश्यक कानुनी प्रक्रिया पूरा गरी कारवाही गर्न राष्ट्रिय परीक्षा बोर्डबाट मिति २०८०/१२/२५ गते निर्णय (अध्यक्षस्तरीय) भएको हुँदा परीक्षाको मर्यादा उल्लङ्घन गर्ने त्यस्ता व्यक्तिलाई जिल्ला परीक्षा समन्वय समितिसँग समन्वय गरी कानुनी प्रक्रिया अगाडि बढाउनुहुन ।
- परीक्षामा मोबाइल तथा स्मार्टघडी पूर्णत: निषेध गरिएको र परीक्षा कोठामा त्यस्ता डिभाइसहरू भेटिएमा सम्पूर्ण विषयको परीक्षा रद्द हुने र मोबाइल तथा स्मार्टघडीसमेत फिर्ता नहुने गरी जफत हुने व्यहोरा परीक्षार्थीका अभिभावकहरूलाई जानकारी दिनुहुन र सो सूचना समुदायस्तरमा समेत प्रवाह गर्नुहुन ।

-परीक्षा नियन्त्रक